# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक १८


"जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ; अनि जसले पुत्रलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ" (यूहन्ना ३:३६)।

## ओहोदा र अवस्था

के ख्रीष्टमा हाम्रो ओहोदा पूर्ण र सिद्ध छ भन्ने महिमामय सत्यताले हामीलाई हाम्रो व्यवहारिक जीवनप्रति बेवास्ता गर्न सिकाउँछ? कदापि होइन! बरु, ख्रीष्टमा हाम्रो ओहोदा पूर्ण रूपमा सुरक्षित, अटल र सिद्ध छ भन्ने ज्ञान नै पवित्र आत्माले हाम्रो व्यवहारिक जीवनको स्तर उचो बनाउन प्रयोग गर्नुहुने शक्तिशाली साधन हो।

पावल प्रेरितले पवित्र आत्माको प्रेरणाद्वारा लेखेका यी सामर्थ्यपूर्ण वचनहरूलाई ध्यान दिनुहोस्: *"यसकारण यदि तिमीहरू ख्रीष्टसँग बिउँतिएका छौ भने माथिका कुराहरू खोज, जहाँ ख्रीष्ट परमेश्वरको दाहिने हाततर्फ बसिरहनुभएको छ। माथिका कुराहरूमा मन लगाओ, पृथ्वीमा भएका कुराहरूमा होइन; किनकि तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन ख्रीष्टसँग परमेश्वरमा लुकेको छ। जब ख्रीष्ट, जो हाम्रो जीवन हुनुहुन्छ, प्रकट हुनुहुनेछ, तब तिमीहरू पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ। यसकारण पृथ्वीमा भएका तिमीहरूका अङ्गहरूलाई मार" (कलस्सी ३:१–५)।* - सी एच एम

## नयाँ जन्म र विश्वासीका दुई स्वभावहरू

नयाँ जन्म भनेको पुरानो स्वभावमा सुधार वा परिवर्तन हुनु होइन, बरु नयाँ स्वभावको प्रवेश हुनु हो। यो पवित्र आत्माको कार्यद्वारा अन्तिम आदम अर्थात् ख्रीष्टको स्वभाव वा जीवन विश्वासीभित्र रोपिनु हो। यसको आधार ख्रीष्टले सम्पन्न गर्नुभएको उद्धारको कार्य हो, र यो परमेश्वरको सार्वभौम इच्छा तथा अनन्त अभिप्रायसँग पूर्ण रूपमा मेल खान्छ। जुन क्षण पापीले आफ्नो हृदयमा प्रभु येशूमा विश्वास गर्छ र आफ्नो मुखले उहाँलाई प्रभु भनी स्वीकार गर्छ, त्यही क्षण उसले नयाँ जीवन प्राप्त गर्छ; र त्यो जीवन ख्रीष्ट स्वयं हुनुहुन्छ। ऊ परमेश्वरबाट जन्मेको हुन्छ र परमेश्वरको सन्तान बन्छ (रोमी १०:६; कलस्सी ३:४; १ यूहन्ना ३:१–२; गलाती ३:२६)।

तर यस नयाँ स्वभावको प्रवेशले पुरानो स्वभावको वास्तविक र मौलिक चरित्रलाई रत्तिभर पनि परिवर्तन गर्दैन। पुरानो स्वभाव जस्तो थियो, त्यस्तै रहिरहन्छ; त्यसलाई कुनै पनि प्रकारले अझ असल बनाइँदैन। बरु, नयाँ स्वभावको विरोधमा खडा हुँदा त्यसको दुष्टता अझ स्पष्ट रूपमा प्रकट हुन्छ। "किनकि शरीरले आत्माको विरोधमा अभिलाषा गर्दछ, र आत्माले शरीरको विरोधमा" (गलाती ५:१७)। यसरी यी दुई स्वभाव आफ्ना-आफ्ना विशिष्ट चरित्रसहित स्पष्ट रूपमा देखिन्छन्, र एउटाको वास्तविक स्वरूप अर्कोको उपस्थितिले झन् प्रस्ट पारिदिन्छ। - चार्ल्स एच म्याकिन्टश

## प्रतीकहरू


धूपको वेदी - प्रार्थना

इस्राएलको पवित्र भेट हुने पालमा परमेश्वरका जनहरूको सेवाकार्यलाई झल्काउने दुई महान् प्रतीकहरू उभिएका थिए—जसले ख्रीष्टियन जीवनका दुई महत्वपूर्ण पक्षहरूलाई प्रकट गर्थे। दिनप्रतिदिन धूपको वेदीबाट मिठासपूर्ण सुगन्ध माथितिर उठिरहन्थ्यो, जसले स्वर्गतिर उक्लँदै जाने प्रार्थनाको सुगन्धलाई संकेत गर्थ्यो।

रातपिच्छे, जब मरुभूमि र छाउनी अन्धकारले ढाकिन्थ्यो, तब सातवटा दीप भएको सुनको विशाल दीपदानको न्यानो प्रकाश अँध्यारोलाई चिरेर चम्किन्थ्यो। ती स्थिर र उज्ज्वल किरणहरूले बिहानसँगै फिक्का हुने ताराहरूलाई समेत ओझेल पार्थे।


दीपदान - संसारको ज्योति

यी दुई प्रतीकहरू सँगसँगै उभिएर इस्राएललाई उसको बोलावट घोषणा गर्थे—संसारको ज्योति बन्ने र पूजाहारीहरूको राज्य हुने। — अलेक्जेन्डर म्याक्लारेन

© 2026 WORDOFTRUTH.COM.NP

## मल्टी-लेभल सञ्जाल व्यापार

मल्टी-लेभल मार्केटिङ (MLM) एक सञ्जाल व्यापार प्रणाली हो जसमा मानिसले कुनै सामान वा सेवा बेच्ने बहानामा, अरू मानिसहरूलाई उक्त सामान वा सेवामा लगानी गर्न लगाउँदै आफ्नो समूहमा जोडेर कमिशनमार्फत कमाइ गर्ने व्यवस्था हुन्छ। यसलाई साधारण भाषामा सञ्जाल बनाएर गरिने व्यापार भन्न सकिन्छ।

MLM मा चारवटा मुख्य कुरा हुन्छन्:

पहिलो, कुनै कम्पनीको सामान वा सेवा बेच्ने भनेर त्यस कम्पनीमा आवद्ध हुने।

दोस्रो, अरू मानिसलाई पनि आफ्नो हाँगा वा सञ्जाल अन्तर्गत जोडेर त्यही काममा आवद्ध गराउने।

तेस्रो, आफूले जोडेको मानिसहरूले थप अरू मानिसहरूलाई त्यस सञ्जाल मुनि जोड्ने।

चौथो, त्यसरी आएको आयबाट आफूले केही कमिशन पाउने।

उदाहरणको रूपमा बुझ्दा, यदि तपाईं कुनै MLM कम्पनीमा सदस्यको रूपमा आवद्ध हुनुभयो भने तपाईंलाई सो कम्पनीले आफ्नो सामान वा सेवा बेच्न प्रोत्साहन दिन्छ। त्यसपछि तपाईंलाई अब थप अरूलाई पनि सदस्य बनाउन भनिन्छ। तपाईंले बनाएको सदस्यले फेरि अरूलाई नयाँ सदस्य बनाएर आफ्नो सञ्जालमा थप्दै लैजान्छ। यसरी एकजनाद्वारा थप अरू सदस्य र फेरि त्यहाँबाट थप सदस्य बनाउँदै लैजाँदा तल-तल धेरै मानिसहरूको समूह बन्छ। यो समूहलाई प्रायः नेटवर्क, टीम वा डाउनलाइन (downline) भनिन्छ। तपाईंको समूह ठूलो हुँदै गयो भने तल-तल भएका मानिसहरूले लगानी गरेको रकमबाट कमिशन मार्फत तपाईंको कमाइ पनि बढ्नेछ भनेर भनिन्छ। यसैले यसलाई मल्टी-लेभल भनिन्छ, किनकि यसमा कमाइ धेरै तह (multiple levels) बाट आउने हुन्छ।

ध्यान दिनुपर्ने कुरा के हो भने, साधारण व्यापारमा कमाइ सामान सोझै उपभोक्तालाई बेचेर हुन्छ, र उक्त उपभोक्तालाई अर्को उपभोक्ता ल्याउन पर्ने आवश्यकता हुँदैन। तर MLM मा कमाइको मुख्य तरिका भनेकै नयाँ सदस्य थप्नु हो। र धेरै अवस्थामा नयाँ सदस्यहरूलाई छिटो पैसा कमाउने आशा देखाइएको हुन्छ, र धेरै अफरहरूको प्रलोभन देखाइ अरूलाई पनि यस सञ्जालमा जोड्न दबाब वा प्रोत्साहन दिइएको हुन्छ।

त्यसैले MLM भनेको एउटा सामान्य व्यापार मात्र होइन, तर समूह बनाएर कमाइ गर्ने एक प्रणाली हो भनेर बुझ्दा सजिलो हुन्छ।

नेपालमा नेटवर्क मार्केटिङ वा MLM को व्यापार सिद्धान्तको आधारमा चलाइएका धेरै कम्पनीहरूलाई पटक पटक कानुनी कारवाहीहरू भएका छन्। Unity Life, GoldQuest, Herbo International जस्ता कम्पनीहरूका कारण धेरै मानिसहरू आर्थिक रूपमा नोक्सानमा परेका घटनाहरू पहिले नै सार्वजनिक भएका छन्। पछिल्ला वर्षहरूमा पनि Crowd1, HyperFund, Solmax Global जस्ता कम्पनीहरूलाई नेपाल राष्ट्र बैंकले अवैध भनेर चेतावनी दिएको छ।1 केही ठाउँमा यस्ता कार्यालयहरू बन्द गरिएका छन् (2), र पिरामीड प्रणाली (pyramid scheme) मा संलग्न व्यक्तिहरू पक्राउ परेका समाचारहरू पनि आएका छन्। (3) यसले देखाउँछ कि यस्तो क्षेत्रमा प्रवेश गर्दा विश्वासीहरूले विशेष सावधानी अपनाउन आवश्यक छ। ख्रीष्टिय जनहरूले कुनै पनि काम गर्दा आत्मिक विवेचना प्रयोग गर्नुपर्छ। बाइबलले सिकाउने जीवन केवल पैसा कमाउने जीवन होइन, तर सत्यता, सन्तुष्टता, इमानदारीताले पूर्ण र परमेश्वरको इच्छामा हिँड्ने जीवन हो।

यससँग सम्बन्धित एउटा खतरा भनेको छिटो धन कमाउने झूटो आशा हो। MLM मा प्रायः भनिने कुराहरू यस्ता हुन्छन्: थोरै समयमै ठूलो कमाइ गर्न सकिन्छ, घरै बसी-बसी कमाउन सकिन्छ (अर्थात्, passive income आउँछ), जीवन बदलिन्छ, चाँडै आर्थिक स्वतन्त्रता पाइन्छ। यस्ता शब्दहरूले मानिसको मनलाई आकर्षित गर्छन्। तर बाइबलले सिकाउँछ कि परमेश्वरको बाटो सामान्यतया धीरज, परिश्रम र सन्तुष्टताको बाटो हो। "तर जतिले धनी हुन चाहन्छन्, तिनीहरूचाहिँ परीक्षा र पासो, अनि अनेकौं मूर्ख र हानिकारक अभिलाषाहरूमा फस्छन्" (१ तिमोथी ६:६)। धेरै पटक सजिलो कमाइको चाहनाले मानिसलाई यस्तो ठाउँमा पुऱ्याउँछ जहाँ ऊ सत्यलाई लुकाउने, बढाइचढाइ गर्ने, वा अरूलाई दबाब दिने मानिस बन्न पुग्छ।

सबै व्यापार गलत हुँदैनन्। संसारमा इमानदारपूर्वक व्यापार गर्ने मानिसहरू पनि छन्। तर जुन व्यापार वा कामहरूमा छल, दबाब, लोभ र गलत आशा जोडिएको हुन्छ, त्यो जहिल्यै पनि भक्तिपूर्ण जीवनको विरूद्धमा हुन्छ। हितोपदेशको यो चेताउनीलाई ध्यान दिनुहोस्, "छल गरेर पाएको धन घट्दै जानेछ; तर जसले परिश्रमद्वारा संग्रह गर्छ, उसको वृद्धि हुनेछ" (हितोपदेश

१३:११)। बाइबलमा स्पष्ट रूपमा लेखिएको छ, "किनकि रुपियाँपैसाको प्रेमचाहिँ सबै खराबीको जरा हो; जुन कुराको लालच गर्दा कतिजना विश्वासबाट भड्किएका छन्, र यिनीहरूले आफैलाई अनेकौं पीड़ाहरूले छेंड़ै-छेंड पारेका छन्।" (१ तिमोथी ६:१०)। पैसा आफैंमा पाप होइन, तर पैसा प्रति अत्याधिक चाहनाले मानिसलाई सजिलै गलत निर्णयतर्फ लैजान्छ।

अर्को गम्भीर कुरा भनेको आपसी सम्बन्धको दुरूपयोग हो। आफूले कहिले नचिनेको मानिसहरूकहाँ गएर उनीहरूलाई यसमा थप सदस्य बनाउने उद्देश्य राखेर उनीहरूलाई मनाउनुभन्दा आफूले चिनेजानेकाहरूकहाँ गएर सो काम गर्न धेरै सहज हुन्छ। कहिलेकाहीँ मण्डलीका दाजुभाइ-दिदीबहिनीबीचका सम्बन्ध पनि यसमा प्रयोग हुन सक्छन्। ख्रीष्टियन जीवनमा आपसी सम्बन्धहरू आफ्नो स्वार्थका लागि प्रयोग गर्ने कुरा होइन। बाइबलले भन्छ, "प्रेम निष्कपट होस्" (रोमी १२:६)।

सत्यको विषयमा ख्रीष्टियन जीवन अत्यन्त स्पष्ट छ। कुनै पनि व्यापार, काम, वा सम्बन्धमा झूट, बढाइचढाइ, वा भ्रम सिर्जना गर्नु परमेश्वरको इच्छा होइन। MLM को क्षेत्रमा कहिलेकाहीँ सफलताको कथा मात्र सुनाइन्छ, तर असफल भएका मानिसहरूको कुरा लुकाइन्छ। निश्चित जोखिमहरू स्पष्ट रूपमा भनिँदैनन्। तर बाइबलमा लेखिएको छ, "एकअर्कासँग झूट नबोल" (कलस्सी ३:६)। यदि कुनै काम इमानदारीका साथ गर्न गाह्रो हुन्छ भने एक ख्रीष्टिय जनले त्यसलाई प्रभुको सामु गम्भीरतापूर्वक विचार गर्नुपर्छ।

ख्रीष्टियन जीवनको एउटा ठूलो शिक्षा सन्तुष्टता हो। आजको संसारले मानिसलाई सधैं अझ बढी खोज्न सिकाउँछ — अझ धेरै पैसा, अझ ठूलो सफलता, अझ माथि उठ्ने इच्छा। तर परमेश्वरको वचनले बताउँछ, "तर सन्तुष्टतासितको भक्ति नै ठूलो लाभ हो" (१ तिमोथी ६:६)। सबै आर्थिक अवसरहरू गलत हुँदैनन्, तर यदि कुनै अवसरले लोभ बढाउँछ, असन्तुष्टता बढाउँछ, सम्बन्ध बिगार्छ र आत्मिक जीवनलाई कमजोर बनाउँछ भने विश्वासी त्यसबाट अलग रहनुपर्छ। परमेश्वरले आफ्ना सन्तानहरूलाई सत्यतामा हिँड्न बोलाउनु भएको हो।

यसकारण कुनै पनि MLM वा यस्तै प्रकारको काममा प्रवेश गर्नु अघि विश्वासीले आफैलाई इमानदारीताका साथ केही प्रश्नहरू सोध्नुपर्छ। के म यस काममा सँधै सत्य बोल्न सक्छु? के म मानिसलाई आफ्नो स्वार्थको लागि प्रयोग गर्दैछु? के यस कामको कारणले मानिसहरूले कुनै समयमा ठेस खानेछन्? के यसले मेरो आत्मिक जीवनलाई बलियो बनाउँछ, कि कमजोर बनाउँछ? के मानिसहरूसँगको मेरो सम्बन्ध स्वस्थ रहिरहनेछ? के म परमेश्वरको इच्छा खोज्दैछु, कि केवल आर्थिक लाभ मात्र खोज्दैछु? बाइबलले भन्छ, "सबै कुराहरू परमेश्वरकै महिमाका निम्ति गर" (१ कोरिन्थी १०:३१)।

अन्तमा, हामीले यो सम्झनुपर्छ कि ख्रीष्टियन जीवनको उद्देश्य प्रशस्त धन कमाउन तर्फ लग्गु भएर लाग्नु होइन, तर येशू ख्रीष्टद्वारा परमेश्वरलाई प्रसन्न पार्नु हो। मानिसले धेरै कमाउन सक्छ, सफल हुन सक्छ, संसारको दृष्टिमा अगाडि बढ्न सक्छ, तर यदि त्यस क्रममा निजको आत्मिक जीवन कमजोर भयो भने त्यसलाई साँचो सफलता भन्न सकिँदैन। प्रभु येशूले भन्नुभयो, "किनकि मानिसले सारा संसार प्राप्त गरे तापनि आफ्नो आत्माचाहिँ गुमायो भने त्यसलाई के फाइदा हुनेछ र?" (मर्कूस ८:३६)। यो प्रश्न आज पनि त्यत्तिकै गम्भीर छ।

MLM मा लागेको मानिसलाई त्यो गलत नलाग्न सक्छ, तर बुद्धिमानीसाथ बिचार गर्दा यसमा धेरै आत्मिक खतराहरू छन्। ख्रीष्टिय जनले परमेश्वरको वचनको आधारमा निर्णय गर्नुपर्छ। आपसी सम्बन्धहरूलाई पवित्र राख्नुपर्छ, सत्यलाई पक्री राख्नुपर्छ, लोभबाट बच्नुपर्छ र परमेश्वरको इच्छालाई पहिलो स्थान दिनुपर्छ। अन्तमा, सबैभन्दा ठूलो सफलता पैसा होइन, तर सबै पवित्र जन र स्वर्गदूतहरूको सामु परमेश्वरको मुखबाट "स्याबास्, विश्वासयोग्य दास" भनेर भन्नुभएको सुन्नु हो।

- प्रज्वल कार्की

---

1. https://behindmlm.com/companies/crowd1/crowd1-hyperfund-solmax-global-illegal-in-nepal/
2. https://en.himalpress.com/itahari-cracks-down-on-firms-engaged-in-networking-business/
3. https://www.myrepublica.nagariknetwork.com/news/police-arrest-11-in-over-rs-12081-million-pyramid-scheme-fraud-18-98.html

"यदि हामी यस संसारमा उहाँको इच्छा पूरा गर्न चाहन्छौं भने, उहाँका दुःखहरूमा सहभागी हुनु हामी प्रत्येकका लागि अपरिहार्य छ।"

- डा. हेलेन रोजभियर (1925-2016), अफ्रिकामा प्रभुको सेवा गर्दा अपहरण, यातना, बलत्कार भोगेकी मिसनरी।

## मेरो प्रार्थना

मैले शक्ति मागेँ
ताकि म सफल हुन सकूँ;
उहाँले मलाई कमजोर बनाउनुभयो
ताकि म आज्ञाकारी हुन सकूँ।
मैले स्वास्थ्य मागेँ
ताकि म ठूला काम गर्न सकूँ;
उहाँले मलाई अनुग्रह दिनुभयो
ताकि म अझ उत्तम काम गर्न सकूँ।
मैले धन मागेँ
ताकि म खुसी हुन सकूँ;
उहाँले मलाई दरिद्रता दिनुभयो
ताकि म बुद्धिमान हुन सकूँ।
मैले शक्ति मागेँ
ताकि म मानिसहरूको प्रशंसा जित्न सकूँ;
उहाँले मलाई दुर्बलता दिनुभयो
ताकि म उहाँको आवश्यकता महसुस गर्न सकूँ।
मैले सबै कुरा मागेँ
ताकि म जीवनको आनन्द लिन सकूँ;
उहाँले मलाई जीवन दिनुभयो
ताकि म सबै कुराको आनन्द लिन सकूँ।
मैले मागेका केही पनि पाइनँ,
तर मैले आशा गरेका सबै कुरा पाएँ।
मेरो प्रार्थना सुनियो,
उहाँले सबै पूरा गर्नुभयो!


- अज्ञात लेखक

## के परमेश्वरले मानिसलाई पाप गर्न सक्ने बनाउनुभयो?

के परमेश्वरले मानिसलाई अरू कुनै तरिकाले बनाउन सक्नुहुन्थ्यो? के छनोट गर्ने क्षमता नभएको कुनै नैतिक प्राणी वास्तवमै नैतिक प्राणी हुन सक्छ? स्वतन्त्रता परमेश्वरले मानिसलाई दिनुभएको बहुमूल्य वरदान हो— सोच्ने स्वतन्त्रता, विवेकको स्वतन्त्रता, र निर्णय गर्ने स्वतन्त्रता। दुःखको कुरा, मानिसले यही स्वतन्त्रताको प्रयोग परमेश्वरको आज्ञा उल्लङ्घन गर्न पनि गरेको छ।

यदि हाम्रो स्वभावमा परमेश्वरको आज्ञा नमान्ने कुनै सम्भावना नै नहुने हो भने, उहाँको आज्ञापालनमा के नैतिक मूल्य रहन्थ्यो? तर जब हामी आफ्नै इच्छाले, र हाम्रो स्वभावले विपरीत दिशातर्फ ताने पनि, परमेश्वरको आज्ञा पालन गर्छौं, तब त्यसमा वास्तविक नैतिक मूल्य हुन्छ।

- Halley's Bible Handbook



## म कसरी दिऊँ?

त्यसरी देऊ, जसरी तिमी मालिकलाई दिन्थ्यौ —
यदि तिमी उहाँलाई आमनेसामने भेट्थ्यौ भने;

त्यसरी देऊ, आफ्ना सम्पत्तिबाट—
यदि उहाँकै हातले त्यो भेटी लिनुहुन्थ्यो भने।

- Fellowship

## मित्रताका १० आज्ञाहरू

१. मानिसहरूसँग बोल्नुहोस्। हर्षित अभिवादनको एउटा सानो शब्दजत्तिको सुन्दर अरू केही हुँदैन।

२. मानिसहरूलाई मुस्कान दिनुहोस्। अनुहारका मांशपेशीलाई रिसाउनुभन्दा मुस्कुराउन सजिलो पर्छ!

३. मानिसहरूलाई नामले सम्बोधन गर्नुहोस्। कसैको कानका लागि सबैभन्दा मधुर संगीत भनेको आफ्नै नामको ध्वनि हो।

४. मैत्रीपूर्ण र सहयोगी बन्नुहोस्। यदि तपाईं मित्रहरू चाहनुहुन्छ भने, आफैं मैत्रीभाव राख्नुहोस्।

५. सौहार्दपूर्ण बन्नुहोस्। तपाईंले गर्ने हरेक काम साँचिकै आनन्दका साथ गरिरहनुभएको जस्तो गरी बोल्नुहोस् र व्यवहार गर्नुहोस्।

६. मानिसहरूमा साँचो चासो राख्नुहोस्। प्रयास गर्नुभयो भने, तपाईं जोसुकैलाई पनि मन पराउन सक्नुहुन्छ।

७. प्रशंसामा उदार हुनुहोस्; आलोचनामा संयमी र सावधान हुनुहोस्।

८. अरूका भावनाप्रति संवेदनशील हुनुहोस्। यसको कदर अवश्य गरिनेछ।

९. अरूका विचारहरूलाई आदरपूर्वक विचार गर्नुहोस्।

१०. सेवा गर्न सधैँ तत्पर रहनुहोस्। जीवनमा सबैभन्दा महत्वपूर्ण कुरा भनेको हामीले अरूका लागि के गर्छौं भन्ने हो।

— हावर्ड ए. प्लाट

## मुक्ति पाउनलाई मैले के गर्नुपर्छ?

“प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ” (प्रेरित १६:३१)